आर्थिक बर्ष : २०८३/८४

बैठक संख्या :१

आज मिति २०८३/०४/१२ गते बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री डन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| दाम ब. राना | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | कार्यबहाक वडा अध्यक्ष | ३ नं. | श्री कृष्ण बहादुर थापा |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

मिति :२०८३/०४/१२

निर्णय नं. १.

विरुवा गाउँपालिकाको आ.ब. २०८२/८३ को बार्षिक बजेटमा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा समग्र गाउँपालिकाको सेवा प्रवाह लगायतका क्रियाकलापहरुको विस्तृत समिक्षा गरी चालु आ.व.मा गत आ.व.का सकरात्मक पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुधार गरी नतिजाउन्मुख र प्रतिफलमुखी सेवा प्रवाहमा जोड दिने सर्वसम्मतिले निर्णय गरियो। साथै आ.व. २०८२/८३ को बार्षिक प्रगती प्रतिवेदन स्वीकृत गरियो।

निर्णय नं. २

जिल्ला समन्वय समिति स्याङ्जाको मिति २०८३/०४/०५ गतेको पत्रमा उल्लेख भएबमोजिम गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका बर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बमोजिम बिरुवा गाउँपालिकाको सम्बन्धमा तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो।

तपसिल :

३. बिरुवा गाउँपालिका अन्य गाउँपालिकामा गाभिन ईच्छुक नरहेको तर अन्य पालिका बिरुवा गाउँपालिका क्षेत्रमा गाभिन चाहेमा बिरुवा गाउँपालिका सहमत रहेको।
४. भौगोलिक अवस्था, प्रशासनिक सेवासुविधा र जनसंख्यालाई मध्येनजर गर्दैं बिरुवा गाउँपालिका वडा नं. ४ साविक ओरष्टे गा.वि.स. लाई देहायबमोजिम २ वटा वडामा विभाजन गर्नेगरी आवश्यक अध्ययनका लागि लेखी पठाउने ।

देहायः

| क्र.सं. | साविक गा.वि.स. | साविक वडा | प्रस्तावित वडा नं. | प्रस्तावित वडा केन्द्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओरष्टे | ३,४,७,८ र ९ | ४ | हाल बिरुवा गाउँपालिका ४ नं वडा कार्यालय रहेको स्थान (रानाथर) | |
| २ | ओरष्टे | १,२,५ र ६ | ९ | भयरथान | |

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

बिरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलन प्रर्योजनार्थ उक्त क्षेत्रको IEE का लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ४

बिरुवा गाउँपालिकाले पेश गरेको प्रस्ताव अनुसार आ.व. २०८३/८४ को बजेट, योजना तथा कार्यक्रममा प्रदेश विशेष आयोजनामा समावेश बेसारडाँडा सामुदायिक स्वास्थ्य ईकाइ आयोजनाका लागि रु ४० लाख विनियोजन भई आएकोमा उक्त स्थानमा सेवा प्रवाहको बैकल्पिक पूर्वाधारको व्यवस्था भएकोले हाललाई उक्त योजना प्रस्तावको दोस्रो प्राथमिकतामा रहेको खाली सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण योजना कार्यान्वयन गर्ने गरी योजना संशोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

आ.व. २०८३/८४ को लागि बिरुवा गाउँपालिका कार्यालयबाट संचालन तथा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जाले स्वीकृत गरेको जिल्ला दररेटलाई नै बिरुवा गाउँपालिका कार्यालयको आधिकारिक दररेटको रुपमा स्वीकृती गर्ने सर्वसहमतिले निर्णय गरियो। साथै बिरुवा गाउँपालिका कार्यालयबाट आ.ब. २०८३/८४ को बार्षिक योजना तथा कार्यक्रममा मा समावेश योजनाहरुको कार्यान्वयनका क्रममा प्रयोग गरिने मेशीनरी औजारहरुको जिल्ला दररेट अनुसार निर्धारण गरिएको भाडादर बिरुवा गाउँपालिका क्षेत्रको भौगोलिक बिकटता, जिल्ला सदरमूकाम देखीको दुरी, पेट्रोलियम पदार्थको मुल्यवृद्धि लगायत विविध कारणले उक्त दररेटमा मेसिन औजारको उपयोगमा कठिनाई भएकोले साविकको दररेटमा तपसिल बमोजिम परिमार्जन गर्ने सर्वसहमतिले निर्णय गरियो।

| क्र.सं. | मेशीनरी औजार | साविकको दररेट (प्रतिघण्टा) | परिमार्जित दररेट (प्रतिघण्टा) | कैफियत |
|---|---|---|---|---|
| १ | जेसिबी | २७५० | २८५० | |
| २ | एक्साभेटर | ६००० | ६२०० | |
| ३ | ब्रेकर | ७१०० | ७३०० | |

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

बिरुवा गाउँपालिका  वडा नं १ स्थित कृषि उपज संकलन केन्द्रसंगै निर्माण सम्पन्न भएको कृषि प्रशोधन केन्द्र संचानलका लागि प्रस्ताव आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो।

## निर्णय नं. ७

बिरुवा गाउँपालिका कार्यालयका लागि आवाश्यक कृषि औजार तथा उपकरण खरिदका लागि गाउँपालिका कार्यालयबाट गत आर्थिक वर्षमा भएको खरिद सम्झौता ठेक्का नं.(NCB/BRM/GOODS/004/2082-83) बमोजिमको खरिद कार्य सम्पन्न भएकोले उक्त खरिद कार्यको भुक्तानी चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समावेश विभिन्न आयोजना तथा कार्यक्रमको दायित्व भुक्तानी खर्च शिर्षकबाट गर्ने सर्वसहमतिले निर्णय गरियो।

## निर्णय नं. ८

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक योजना तथा कार्यक्रममा शशर्त कार्यक्रमको रुपमा समावेश नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन जलवायु अनुकुलन कार्ययोजनाले प्राथमिकतामा राखेको बिरुवा गाउँपालिका वडा नं. २ को शितडाँडा र वडा नं. ४ को बाहुँ र वडा नं. ७ को सुरुङ बस्तीमा कार्यान्वयन गर्ने निर्णय गरियो।

## निर्णय नं. ९

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा रहेको पूर्वाधार साझेदारी कार्यक्रम (साझेदारीमा सामुदायिक भवन निर्माण) **"बिरुवा गाउँपालिकाको पूर्वाधार साझेदारी कार्यक्रम कार्यन्वयन संशोधित कार्यविधि- २०७९"** बमोजिम कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

## निर्णय नं. १०

आ.व. २०८३/८४ को लागि स्वीकृत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयनका लागि २०८३ भाद्र १५ गते भित्र उपभोक्ता समिति गठन गरिसक्ने सर्वसहमतिले निर्णय गरियो।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

प्रचलित कानुनको अधिनमा रही बिरुवा गाउँपालिको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वे (O & M Survey) गर्ने सर्वसहमतिले निर्णय गरियो।

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत